# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, वैशाख १४ गते २०५३ साल (अतिरिक्ताङ्क ३ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा पुनरावेदन अदालत धनकुटाको न्यायाधीश पदमा कानून तथा न्याय मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको पूल दरबन्दीमा रहनु भएका श्री रामचन्द्र गुप्तालाई नियुक्त गरिबक्सेको छ ।

### सूचना २

माननीय अर्थ मन्त्री डा. रामशरण महत एशियाली विकास बैङ्कको बोर्ड अफ गभर्नर्सको वार्षिक बैठकमा भाग लिन २०५३ साल वैशाख १६ गते फिलिपिन्सको राजधानी मनिलातर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री चक्रप्रसाद बास्तोलाले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

32

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।